म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : ०७५।०७६
चलानी नं. १०००
मिति : २०७५।१२।१७

**विषय : प्रधानमन्त्री रोजगार कार्यक्रमको न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्धी रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६/७७ मा म्याग्दे गाँउपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखी ५९ वर्ष उमेरका बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु :**

- निवेदकले आफ्नो नागरिकताको १ प्रती फोटोकपी र एउटा पासपोर्ट साइजको फोटो सहित परिवारका अन्य सदस्यहरुको नागरीकता साथमा ल्याउनुपर्नेछ ।
- निवेदकको आफ्नो बैङ खाता छ भने बैङ खाताको विवरण जस्तै : बैङ्कको नाम र ठेगाना, खाता नम्बर साथै खाताको प्रकार खुलाउनु पर्नेछ ।
- परिवारको वार्षिक आय खुलाउनु पर्नेछ ।
- काम गर्न चाहेको निम्नानुसारको क्षेत्र मध्य प्राथमिकताका आधारमा एकभन्दा बढी क्षेत्रहरु छनौट गर्न सकिने छ :

✓ कृषि, सहकारी तथा पशु विकास
✓ उर्जा, सिचाइ तथा नदी नियन्त्रण
✓ खानेपानी तथा सरसफाई
✓ वन तथा वातावरण, पर्यटन प्रर्वद्धन
✓ सडक यातायात
✓ शिक्षा, युवा तथा खेलकुद
✓ पुनः निर्माण
✓ सामुदायिक पूर्वाधार निर्माण
✓ ठूला तथा राष्ट्रिय गौरवका आयोजना
✓ सूचना तथा संचार प्रविधि
✓ उद्योग
✓ स्वास्थ्य
✓ अन्य

- एकै परिवारका वेरोजगार व्यक्तिहरुले छुट्टछुट्टै निवेदन दिनु पर्नेछ
- निवेदनको ढाँचा वडा कार्यालयमा निशुल्क उपलब्ध छ ।
- निवेदन दिन शुल्क लाग्दैन ।

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत